नेपाल सरकार
जनसंख्या तथा वातावरण मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

# शहरी सौर्य ऊर्जा कार्यक्रम अर्न्तगत घरायसी तथा व्यवसायिक अनुदान बन्द रहने सम्बन्धमा

प्रकाशित मिति : २०७४/११/२८

नेपाल सरकारले शहरी क्षेत्रमा सौर्य ऊर्जा प्रणालीहरुको प्रवर्द्धनका लागि घरायसी तथा व्यवसायिक सौर्य ऊर्जा प्रणाली जडानमा अनुदान तथा सरल कर्जा प्रदान गर्दै आएको छ । यस आ.व.मा नेपाल सरकारबाट स्वीकृत लक्ष्य बमोजिमको अनुदान फाराम प्राप्त भइसकेको हुँदा हाललाई यो अनुदान कार्यक्रम अर्न्तगत प्रणाली जडान नगर्नका लागि सम्बन्धित सबै सरोकारवालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस कार्यक्रम अर्न्तगत जडान भईसकेका र अनुदान दाबी गर्न बाँकी रहेका प्रणालीहरुको अनुदानको लागि यस केन्द्रबाट उपलब्ध गराइएका अनुदान फारमहरु रितपूर्वक भरी २०७४ चैत ५ गते ४ बजे भित्र बुझाउन अनुरोध गरिन्छ । मिति २०७४ चैत ५ गते पश्चात् प्राप्त आवेदन फाराम उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि केन्द्रमा सम्पर्क गर्न सकिनेछ ।

**सम्पर्क ठेगाना**

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
सौर्य ऊर्जा सब-कम्पोनेन्ट
खुमलटार हाइट ललितपुर,पो.ब.नं १४३६४
फोन नं ०१-५५३९३९०/५५३९३९१